दशैंपछिको अपेक्षा !

✍ ओमप्रकाश गौतम
omgautam2078@gmail.com

३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोनः ०२३-५८५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरुः
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- दुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

CASH BACK OFFER
RS. 100 -5000
9842645136

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

वर्ष-२१ | अंक - २७१ | २०८३ कात्तिक १२ गते बिहीबार | Thursday, 29 Oct. 2026 | मूल्य ७ /-

झापाका व्यवसायीलाई तिहारसम्म फूल जोगाउन कठिन

आयातित माला रोक लगाउन प्रशासनसँग माग

✍ पूर्वसन्देश समाचार

दमक/ झापाका फूल व्यवसायीहरूले आयातित माला रोक लगाउन प्रशासनसँग माग गरेका छन् ।

झापाको दमक, बिर्तामोड, मेचीनगर, भद्रपुर, शिवसताक्षी लगायत क्षेत्रमा सयपत्री फूलको व्यावसायिक खेती हुने गरेको छ । लाखौंको लगानी, श्रम र समय खर्चिएर गरिएको फूलखेतीले रोजगारी र आयआर्जनको नयाँ ढोका खोलेको भए तापनि बजार र लगानीको संरक्षणमा राज्यले पर्याप्त चासो नदिएको किसानहरूको भनाइ छ ।

यसैबीच झापामा फूलको व्यावसायिक खेती गरिरहेका किसानहरूले स्वदेशी सयपत्री फूलले बजार नपाउने अवस्था आउन नदिन प्रशासनसँग माग गरेका छन् ।

उनीहरूले भारतबाट हुने फूलको आयातमा रोक लगाएर स्थानीय उत्पादनलाई पहिलो प्राथमिकता दिने वातावरण सिर्जना गरिदिनसमेत जोडदार माग गरेका हुन् ।

केही वर्षयता जिल्लामा सयपत्री फूलको व्यावसायिक खेती फस्टाउँदै गएको छ । तर, भारतबाट आयातित फूलका कारण स्वदेशी उत्पादनले बजार नपाउँदा बोटमै खेर जाने समस्या उत्पन्न भएकाले राज्यको ध्यानाकर्षण गराउनुपरेको झपाकी कृषक सुष्मा पौडेलले बताइन् ।

व्यवसायी पौडेलको नेतृत्वमा २० जना व्यावसायिक किसानको टोलीले मंगलबार प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेललाई भेटेर सात बुँदे मागपत्र बुझाएको छ । मागपत्रको पहिलो बुँदामा नै स्वदेशी सयपत्री फूललाई स्थानीय बजारमा पहिलो प्राथमिकता दिइनुपर्ने माग गरिएको छ । बाँकी ४ पेजमा ▸▸

इलाममा गोदावरी महोत्सव

इलाम/ फूलहरूको चाड तिहार आउन लाग्दा इलाममा गोदावरी फूलको महोत्सव आयोजना हुने भएको छ । कात्तिक १८ देखि २१ गतेसम्म इलाम सदरमुकाममा 'प्रथम गोदावरी प्रदर्शनी मेला' आयोजना गर्न लागिएको हो । पछिल्लो समय व्यावसायिक रूपमा फूल खेती हुनथालेपछि फ्लोरिकल्चर एशोसिएशन इलामले गोदावरी प्रदर्शन तथा महोत्सव गर्न लागेको हो । विगत १५ वर्ष यता पुष्प व्यवसाय गर्दै आउनुभएकी इलामको भ्युटावर फूल नर्सरीकी सञ्चालक बुद्धमाया सोङ्मीले इलाममा आयोजना गर्न लागिएको गोदावरी प्रदर्शनीले पुष्प व्यवसायको भविष्यका लागि राम्रो संकेत गर्न बताइन् ।

झापामा सवारी दुर्घटनाको 'ग्राफ' बढ्दो

दमक/ झापामा गत भदौको तुलनामा असोज महिनामा सवारी दुर्घटनाको ग्राफ उल्लेख्य रूपमा बढेको छ । असोजमा भएका १५५ वटा सवारी दुर्घटनामा १३ जनाको मृत्यु भएको छ भने २४७ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय झापाको तथ्यांकअनुसार भदौमा ८८ सवारी दुर्घटना भएकामा असोजमा १५५ पुगेको हो । एक महिनाको अवधिमा दुर्घटनाको संख्या ६७ ले बढेको छ । भदौमा चार जनाको मृत्यु भएकामा असोजमा १३ जनाले ज्यान गुमाएका छन् । त्यस्तै, भदौमा १३५ जना घाइते भएकामा असोजमा यो संख्या बढेर २४७ पुगेको छ ।

यसअघि साउनमा ३९ वटा दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको थियो भने ४० जना घाइते भएका थिए । प्रहरीको तथ्यांकले साउनदेखि असोजसम्म दुर्घटनाको संख्या निरन्तर बढेको देखाउँछ । यद्यपि, दुर्घटनामा मृत्यु हुनेको संख्या भने साउनको तुलनामा भदौमा घटेको थियो ।

प्रहरीका अनुसार भदौमा भएका ८८ दुर्घटनामध्ये ७८ चालकको लापरवाहीका कारण भएका थिए । असोजमा पनि चालकको लापरवाहीका कारण ८७ वटा दुर्घटना भएको विवरणमा उल्लेख छ ।

यसैबीच, असोजमा ट्राफिक नियम उल्लङ्घन गर्ने दुई हजार ६३ सवारीसाधन कारबाहीबाट रु २० लाख ५१ हजार ५०० राजस्व संकलन भएको प्रहरीले जनाएको छ ।

तीन दिन पदयात्रा नगर्न आग्रह

***दमक/** बंगालको खाडीमा विकसित शक्तिशाली चक्रवात 'अर्नब'को प्रभाव कोशीदेखि सुदूरपश्चिम प्रदेशसम्मै पर्ने देखिएपछि सरकारले तीन दिनसम्म यात्रा नगर्न र उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । मौसम प्रतिकूल हुने सम्भावनालाई मध्यनजर गर्दै बिहीबारदेखि शनिबारसम्म सुरक्षा निकायहरूलाई 'हाई अलर्ट'मा राखिएको छ ।*

मौसम पूर्वानुमान महाशाखाका अनुसार बिहीबार रातिदेखि नेपालमा चक्रवातको अप्रत्यक्ष असर सुरु भई शुक्रबार र शनिबार यसको प्रभाव देशभर फैलिनेछ । यस अवधिमा कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानमा मेघगर्जनसहित वर्षा तथा उच्च हिमाली र पहाडी बाँकी ४ पेजमा ▸▸

१२ वटा भन्सार नाकाबाट निर्यात शून्य

दमक/ चालु आर्थिक वर्ष (२०८२/८३) को पहिलो तीन महिनामा मुलुकका २८ भन्सार नाकामध्ये वीरगञ्ज भन्सारबाट सबैभन्दा धेरै मूल्य बराबरको वस्तु आयात र निर्यात भएको छ ।

भन्सार विभागले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार समीक्षा अवधिमा वीरगञ्ज नाकाबाट मात्रै ३ खर्ब १२ अर्ब ४० करोड रुपैयाँ बराबरको विदेशी वस्तु आयात भएको छ । त्यसैगरी, यसै नाकाबाट सबैभन्दा धेरै ४७ अर्ब ९२ करोड रुपैयाँ बराबरको स्वदेशी वस्तु निर्यात भएको छ ।

वीरगञ्जपछि आयाततर्फ भैरहवा र विराटनगर भन्सार अगाडि छन् । विभागको तथ्यांकअनुसार भैरहवा भन्सारबाट ९८ अर्ब ८१ करोड र विराटनगर भन्सारबाट ७८ अर्ब ३३ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ ।

यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ५१ अर्ब ६२ करोड र पूर्वी नाका मेची भन्सारबाट २१ अर्ब ४० करोड रुपैयाँ बराबरको आयात भएको छ । उत्तरी नाका रसुवाबाट ७ अर्ब ९१ करोड र तातोपानीबाट १ अर्ब १५ करोड रुपैयाँको आयात भएको देखिन्छ ।

निर्याततर्फ पनि वीरगञ्ज नै अगाडि रहेको छ भने विराटनगर भन्सार बाँकी ४ पेजमा ▸▸

राप्रपाको देश दौडाहा

दमक/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को आगामी महाधिवेशन नजिकिँदै गर्दा पार्टीभित्र तीन शीर्षक नेता एकठाउँमा उभिएका छन्। वर्तमान अध्यक्ष राजेन्द्र लिङ्देन पुनः दोहोरिने दाउमा लागिरहेका बेला उनलाई रोक्ने उद्देश्यका साथ पूर्वअध्यक्षद्वय डा. प्रकाशचन्द्र लोहनी, कमल थापा र वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे एकै ठाउँमा उभिएका हुन् ।

लिङ्देनको नेतृत्व शैलीप्रति असन्तुष्ट यी तीन शीर्ष नेताहरूले महाधिवेशनलाई लक्षित गर्दै मधेस र कोशी प्रदेशका जिल्लाहरूमा संयुक्त 'देश दौडाहा' सुरु गरेका छन् ।

राप्रपाको महाधिवेशन आगामी मंसिर २६, २७ र २८ गते काठमाडौँमा तय भएको छ। पार्टीले कात्तिक १८ गतेसम्म सक्रिय सदस्यता वितरणको मिति तोकेको अवस्थामा तीन नेताको अगुवाइमा बुधबार पर्साको वीरगञ्जबाट शक्ति प्रदर्शनसहित बाँकी ४ पेजमा ▸▸

दुर्घटनामा दुई जनाको मृत्यु

उर्लाबारी/ छुट्टाछुट्टै सवारी दुर्घटनामा परी मोरङमा दुई जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार उर्लाबारी-६ स्थित मुख्य चोकमा ट्रकले स्कुटरलाई ठक्कर दिँदा एक जना र मिक्लाजुङ गाउँपालिका वडा नम्बर ८ तोरीबारी जंगलस्थित मित्री सडकमा मोटरसाइकल दुर्घटना हुदाँ अर्को एक जनाको मृत्यु भएको हो ।

पूर्व-पश्चिम लोकमार्गअन्तर्गत उर्लाबारी चोकमा पथरीबाट दमकतर्फ जादै गरेको बागमती प्रदेश ०१-००४ क २२२८ नम्बरको ट्रकले प्रदेश १-०१-०१६ प ८००२ नम्बरको स्कुटरलाई ठक्कर दिदाँ स्कुटर चालक उर्लाबारी- ८ बस्ने ५० वर्षीय लोकेन्द्र थापाको मृत्यु भएको थियो । बाँकी ४ पेजमा ▸▸

छिमेकी देशसँग सम्बन्ध बढाउँदै सरकार

दमक/ सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो चुनावी बाचापत्र अनुसार छिमेकी मुलुकसँगको सम्बन्ध विस्तारमा जोड दिन थालेको छ ।

रास्वपाले २०८२ मा जारी गरेको चुनावी बाचापत्रमा नेपाललाई दुई ढुङ्गाबिचको तरूल वा 'बफर स्टेट' (मध्यस्थ राज्य) को स्थानबाट परिवर्तन गरी भारत र चीनबिच भेवरेन्ट ब्रिज (गतिशील पुल) बनाउने अवधारणा उल्लेख थियो । यो अवधारणामाथि त्यतिबेला विभिन्न कोणबाट टिप्पणी भएको थियो ।

विवाद बढेपछि रास्वपाले 'मित्र राष्ट्रहरूको सम्बन्ध रिसेट गरेका छौं' भनेको थियो । रास्वपाका सभापति रवि लामिछाने गत जेठ २२ गते पाँच दिने भारत भ्रमण सकेर नेपाल फर्केपछि पनि यही कुरा दोहोऱ्याएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका विदेश विभाग प्रमुखसमेत रहेका परराष्ट्रमन्त्री शिशिर खनालले चीन भ्रमणमा गएको बेला गत असार १ गते चिनियाँ विदेशमन्त्री वाङ यीसँग भेटवार्ता गरेका थिए । सो क्रममा चिनियाँ विदेशमन्त्री यीले छिमेकीको महत्व सांकेतिक रूपमा प्रस्त्याएका थिए । उनले परराष्ट्रमन्त्री खनालसँग भनेका थिए, 'टाढाको आफन्तभन्दा नजिकको छिमेकी राम्रो ।'

जेनजी आन्दोलनपछि बनेको चुनावी सरकारले कूटनीतिक सम्बन्धलाई खासै महत्व दिएको थिएन । पछिल्लो समय रास्वपा र रास्वपा नेतृत्वको सरकारले कूटनीतिक गतिविधिलाई तीव्रता दिएको बाँकी ४ पेजमा ▸▸

प्रतिवादी श्रेष्ठ २३ वर्षपछि पक्राउ

इलाम/ कर्तव्य ज्यान मुद्धाका इलामका एक प्रतिवादी २३ वर्षपछि पक्राउ परेका छन् । यति धेरै वर्षपछि पक्राउ परी कारागार चलान हुनेमा इलाम चुलाचुली गाउँपालिका वडा नं. ३ बस्ने कमल भन्ने प्रेमकुमार श्रेष्ठ रहेका छन् ।

२०६१ फागुन १ गते राति बलबहादुर लिम्बुको घरबाट कुखुराको भाले चोरी भएको थियो । त्यस विषयमा भोलिपल्ट फागुन २ गते अभियुक्तमध्ये अशोक राईको विवाह भोजमा मिलेमतो गरी बलबहादुर लिम्बूको घर घेरा हालेका थिए । त्यस क्रममा अमित केरूङ समेत भई खुकुरी, रोल, भाटासमेतले बलबहादुरका छोरा शुक्रप्रसाद लिम्बूलाई मार्ने मनसायले टाउकोमा प्रहार गरी गम्भीर घाइते बनाएका थिए । घाइतेलाई धरान घोपामा लगी उपचार गराउने क्रममा बाँकी ४ पेजमा ▸▸

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

निःशुल्क आँखा शिविर संचालन सम्बन्धी सूचना

दमक नगरपालिकाको आयोजना तथा मेची आँखा अस्पताल बिर्तामोडको प्राविधिक सहयोगमा यही मिति २०८३ कार्तिक १२ गतेका दिन तपसिल बमोजिमका स्थानमा **बृहत आँखा शिविर संचालन** गरिने र सो शिविरमा **निःशुल्क आँखा परीक्षण, उपचार तथा मोतियाबिन्दुका बिरामीहरूको शल्यक्रिया समेत निःशुल्क** गरिने भएको हुँदा आँखा सम्बन्धी समस्या भएका सम्पूर्ण नगरवासीहरूलाई समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउन हुन अनुरोध गरिन्छ ।

तपसिल
- **मिति : २०८३ कार्तिक १२ गते बिहीबार**
- **स्थान : पुरानो ४ नम्बर वडा कार्यालय, दमक-४ (झापा)**
- **नाम दर्ता समय : बिहान १० बजे देखि २ बजेसम्म**

नोट : शल्यक्रिया गर्नुपर्ने मोतियाबिन्दुका बिरामीहरूलाई सोही दिन मेची आँखा अस्पताल लगिने व्यवस्था गरिएको छ ।

सम्पादकीय

स्थानीय तहमा सक्षम नेतृत्व खोजौं

स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा नेपालका राजनीतिक दलहरु आन्तरिक तयारी र उम्मेदवार छनोटको गृहकार्यमा जुट्न थालेका छन् । परम्परागत रुपमा निर्वाचनको मुखैमा शीर्ष नेताहरुको तजबिज र सिफारिसका आधारमा टिकट वितरण गर्ने परिपाटीले लामो समयदेखि दलहरुलाई जकडिरहेको छ । तर, यसपटक भने केही दलहरुले निर्वाचनको निकै अगाडिदेखि नै उम्मेदवार खोजी, परीक्षण र छनोटका नवीन अभ्यासहरु थालेका छन्, जसले राजनीतिक वृत्तमा नयाँ बहस सिर्जना गरेको छ ।

विशेष गरी, सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थानीय तहमा सक्षम, इमानदार र विज्ञ नेतृत्व ल्याउने भन्दै सुरु गरेको तयारीले राजनीतिक दल सञ्चालनको शैलीमा रुपान्तरणको संकेत दिएको छ । 'क्यान्डिडेट क्लब' मार्फत सम्भावित उम्मेदवारहरुको खोजी, तालिम तथा परीक्षणको प्रक्रिया अगाडि बढाउनु र पार्टीबाहिरका विज्ञ व्यक्तिहरुका लागि 'ल्याटरल इन्ट्री' को नीति लिनु सकारात्मक पक्ष हो। अझै महत्वपूर्ण कुरा, टिकट वितरणमा नेताको भनसुन रोक्न तय गरिएको चारखम्बे नीति, राजनीतिक सामीप्यता, लिडरसिप एकेडेमीको तालिम, समावेशिता र आन्तरिक प्राइमरी निर्वाचनले उम्मेदवार छनोटको अधिकार केन्द्रीकृत तवरबाट खोसेर तल्लो तहका कार्यकर्ता र जनताको हातमा सुम्पिने प्रयत्न गरेको देखिन्छ ।

यद्यपि, घोषणा गरिएका यी सुन्दर सिद्धान्तहरु कागजमा मात्र सीमित नरही धरातलीय यथार्थमा कत्तिको कार्यान्वयन हुन्छन् भन्ने मुख्य चुनौती हो । आन्तरिक प्राइमरी निर्वाचनमा स्थानीय तहलाई निर्णायक बनाइएको दाबी गरिए तापनि यसको वास्तविक पारदर्शिता, निष्पक्षता र प्रभावकारिता आगामी दिनमा परीक्षण हुनेछ ।

निर्वाचन प्रणालीलाई सुधार गर्नु र योग्य नेतृत्वलाई स्थापित गर्नु केवल एक दलको मात्र नभई समग्र राजनीतिक प्रणालीको आवश्यकता हो । दलहरुभित्र टिकट वितरणको पारदर्शी र लोकतान्त्रिक अभ्यास बढे मात्रै स्थानीय सरकारहरु जनमुखी, उत्तरदायी र सक्षम बन्न सक्छन् । आगामी स्थानीय निर्वाचनले परम्परागत राजनीतिक संस्कृतिको चंगुलबाट दलहरुलाई कति मुक्त गराउन सक्छ, त्यो अबको अभ्यास र जनताको मूल्यांकनले नै प्रस्ट पार्नेछ ।

स्थानीय नेतृत्व सबल र सक्षम भएमात्रै मुलुकको विकास र सुशासनको मार्गचित्र कोर्ने खाका निर्माण गर्न सकिन्छ । दलगत स्वार्थ भन्दा माथि उठेर स्थानीय तहमा जनताका सरोकारका विषय उठान गर्न र आधारभूत रूपमा विकासको अनुभूति दिलाउन सक्ने सक्षम नेतृत्वको आवश्यक छ ।

म्यानपावर व्यवसायी रविन गुरुङ थुनामुक्त

दमक । सर्वोच्च अदालतले वैदेशिक रोजगारसम्बन्धी कसुरमा पक्राउ परेका म्यानपावर व्यवसायी रविन गुरुङलाई तत्काल थुनामुक्त गर्न आदेश दिएको छ । क्षेत्राधिकार नभएको निकायबाट पक्राउ अनुमति लिएर म्याद थप गरिएको ठहर गर्दै सर्वोच्चले उनको थुना गैरकानुनी भएको जनाएको हो ।

न्यायाधीशद्वय हरिप्रसाद फुयाल र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले बुधबार बन्दी प्रत्यक्षीकरणको रिट जारी गर्दै गुरुङलाई थुनामुक्त गर्न आदेश दिएको हो ।

सर्वोच्चको संक्षिप्त आदेशअनुसार गुरुङविरुद्ध वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५४ अन्तर्गतको कसुरमा अनुसन्धान भइरहेको थियो । उक्त कसुरमा कारबाही र सजाय गर्ने अधिकार वैदेशिक रोजगार विभागलाई रहेको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणबाट पक्राउ पुर्जी स्वीकृत गराई म्याद थप गरिएको थियो ।

उक्त कसुरमा मुद्दा हेर्ने अधिकार न्यायाधिकरणलाई नभएको अवस्थामा त्यहाँबाट पक्राउ अनुमति लिएर गुरुङलाई हिरासतमा राख्ने कार्य क्षेत्राधिकारविहीन रहेको सर्वोच्चको ठहर छ । अदालतले यसलाई गम्भीर क्षेत्राधिकारसम्बन्धी त्रुटि मानेको छ ।

नेपालको संविधानको धारा १३३ (२) बमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्दै सर्वोच्चले अन्य मुद्दामा कानुनबमोजिम हिरासतमा राख्नुपर्ने अवस्था नरहे गुरुङलाई तत्काल थुनामुक्त गर्न आदेश दिएको हो । यसका लागि वैदेशिक रोजगार विभागमार्फत प्रहरी वृत्त कालिमाटीलाई लेखी पठाउन पनि आदेशमा भनिएको छ ।

मलेसियाले नेपाली कामदार लैजानका लागि छनोट गरेका २५ वटा म्यानपावर कम्पनीका सञ्चालकसहितका व्यवसायीविरुद्ध वैदेशिक रोजगार विभागले पक्राउ पुर्जी जारी गरेको थियो । विभागले वैदेशिक रोजगार न्यायाधिकरणबाट अनुमति लिएर उनीहरुविरुद्ध पक्राउ प्रक्रिया अघि बढाएको थियो ।

पक्राउ पुर्जी जारी भएका व्यवसायीलाई ३५ दिनभित्र विभागको सम्पर्कमा नआए बैंकिङ कारोबार र यात्रा अनुमति रोक्ने चेतावनीसहित विभागले सार्वजनिक सूचना जारी गरेको थियो ।

सर्वोच्चको आदेशले गुरुङको हकमा पक्राउ अनुमति र हिरासतमा राख्ने प्रक्रियाको कानुनी वैधतामाथि प्रश्न उठाएको छ ।

दशैंपछिको अपेक्षा !

✍ ओमप्रकाश गौतम
omgautam2078@gmail.com

आफन्तहरू आ-आफ्नो बाटो लागे पनि सम्बन्धमा दूरी नबढोस् । जीवनमा समस्या आए पनि हिम्मत नहारियोस् र सफलता प्राप्त हुँदा पनि आफ्नो संस्कार तथा मानवीयता नबिर्सियोस् ।

यसपालिको बडादशैं नेपालीहरूले सुख(दुःख, हर्ष(विस्मात् र आ(आफ्ना परिस्थितिबीच मनाए । केही दिनअघि घरआँगनमा देखिएको चहलपहल, आफन्तहरूको जमघट, रातो टीका र पहेँलो जमराले सजिएका निधार, ठूलाबडाको आशीर्वाद र परिवारसँगको भेटघाट अहिले सम्झनामा परिणत हुँदै गएका छन् । चाडपर्वको रौनकले भरिएका घरहरूमा फेरि सामान्य दिनचर्या सुरू भएको छ । कोही कर्मथलो फर्किएका छन्, कोही अध्ययनमा जुटेका छन् भने कोही व्यवसाय, रोजगारी र दैनिक जिम्मेवारीमा व्यस्त हुन थालेका छन् ।

दशैं सकिए पनि यसले दिएका सम्झना र अनुभूतिहरु मनमा जीवित छन् । जीवनमा खुसीका क्षणहरु आउँछन्, केही समय आनन्दित बनाउँछन् र समयसँगै बितेर जान्छन् । तर तिनले छोडेका आत्मीयता, सिकाइ र भावनाहरु लामो समयसम्म रहिरहन्छन् ।

यसपटकको दशैं पनि पूर्णतः सुखद रहेन । केही समयअघि भएका बाढीपहिरो र प्राकृतिक विपत्तिले कतिका घर उजाडिए भने कतिले आफन्त गुमाए । दुःख र पीडाबीच पनि नेपालीहरूले आफ्नो महान् चाड मनाए । यसले जीवनमा दुःख र खुसी सँगसँगै अघि बढ्ने यथार्थलाई फेरि सम्झाएको छ ।

दशैं नेपालीहरूको महान् पर्व मात्र होइन, संस्कृति, परम्परा, पारिवारिक एकता र सामाजिक सद्भावको प्रतीक पनि हो । वर्षभरि काम, व्यवसाय र अध्ययनमा व्यस्त रहनेहरूका लागि यो परिवारसँग पुनर्मिलन गर्ने विशेष अवसर हो । आमाबुबाको अनुहारमा देखिने सन्तुष्टि, दाजुभाइ तथा दिदीबहिनीबीचको हाँसो र ठूलाबडाबाट प्राप्त आशीर्वादले जीवनलाई अर्थपूर्ण बनाउँछन् । कहिलेकाहीँ वर्षभरिका सयौँ दिनभन्दा दशैंका केही क्षण मनमा गहिरो गरी बसेका हुन्छन् ।

तर चाडपर्व सकिएपछि जीवनका वास्तविक जिम्मेवारी फेरि अगाडि आउँछन् । घरखर्च चलाउनुपर्ने हुन्छ, अधुरा काम पूरा गर्नुपर्ने हुन्छ र भविष्यका सपना पूरा गर्न मेहनत गर्नुपर्ने हुन्छ । कसैलाई रोजगारीको चिन्ता छ, कसैलाई व्यवसायको भविष्यको त कसैलाई छोराछोरीको शिक्षा र परिवारको सुखसुविधाको । बाहिरबाट सामान्य देखिने प्रत्येक व्यक्तिको मनभित्र आफ्नै संघर्ष, पीडा, आशा र अपेक्षा लुकेका हुन्छन् । त्यसैले अरूको अवस्था बुझ्ने र एकअर्काप्रति सहानुभूति राख्ने बानी आवश्यक छ ।

दशैंले हामीलाई परिवार र सम्बन्धको महत्त्व बुझाएको छ भने त्यो आत्मीयता चाडपर्वमा मात्र सीमित हुनु हुँदैन । ठूलाबडाको आशीर्वाद लिनु भनेको टीका लगाउने दिन मात्र सम्मान गर्नु होइन । उहाँहरूलाई समय दिनु, कुरा सुन्नु र दुःखसुख बुझ्नु पनि हाम्रो जिम्मेवारी हो । त्यसैगरी, आफन्तसँग भेटेर खुसी साटेपछि सामान्य दिनहरूमा पनि उनीहरूको हालखबर सोध्नुपर्छ । एउटा फोन, सानो सन्देश वा आत्मीयतापूर्वक सोधिएको प्रश्नले पनि कसैको मनमा खुसी ल्याउन सक्छ ।

आजको व्यस्त जीवनमा आर्थिक दबाब, प्रतिस्पर्धा र भविष्यको चिन्ताले मानिसलाई आफ्नै जिम्मेवारीमा सीमित बनाइरहेको छ । सामाजिक सञ्जालमा अरूको सफलता, घर, गाडी र घुमफिरसँग आफ्नो जीवन तुलना गर्ने प्रवृत्तिले असन्तुष्टि बढाउन सक्छ । अरूसँग तुलना गरेर दुःखी हुनुभन्दा हिजोको आफूभन्दा आज राम्रो बन्ने प्रयास गर्नु महत्वपूर्ण हुन्छ । कसैको सफलता छिटो आउँछ, कसैले वर्षौं संघर्ष गर्नुपर्छ । ढिलो सफलता प्राप्त हुँदैमा मानिस असफल हुँदैन । सही दिशा, निरन्तर मेहनत, धैर्य र अनुभवबाट सिक्ने क्षमताले जीवनलाई अघि बढाउँछ ।

दशैंपछि आर्थिक अनुशासनमा फर्कनु पनि उत्तिकै आवश्यक छ । चाडपर्वमा खुसीका लागि खर्च गर्नु स्वाभाविक भए पनि आफ्नो क्षमताभन्दा बाहिर गएर देखावटी प्रतिष्ठाका लागि खर्च गर्नु उचित हुँदैन । चाडपर्वको खुसी खर्चको मात्राले निर्धारण गर्दैन । परिवारमा शान्ति, आपसी प्रेम र मनमा सन्तुष्टि छ भने सामान्य तरिकाले मनाइएको चाड पनि उत्तिकै सुन्दर हुन्छ । त्यसैले आम्दानी र खर्चको सन्तुलन मिलाउने, बचत गर्ने र भविष्यका लागि योजना बनाउने बानी बसाल्नुपर्छ ।

त्यस्तै, नियमित दिनचर्यामा फर्किएपछि शारीरिक र मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनुपर्छ । सन्तुलित भोजन, पर्याप्त आराम, नियमित शारीरिक गतिविधि र तनाव व्यवस्थापनले जीवनलाई सहज बनाउँछन् । पैसा, प्रतिष्ठा र सफलता महत्त्वपूर्ण भए पनि स्वस्थ शरीर र शान्त मनबिना तिनको पूर्ण आनन्द लिन कठिन हुन्छ ।

हामीले दशैंमा सुख, शान्ति, समृद्धि र सबैको भलाइको कामना गर्‍यौँ । अब ती कामनालाई व्यवहारमा उतार्ने समय आएको छ । वृद्धवृद्धाको सम्मान, असहायलाई सहयोग, बालबालिकालाई सुरक्षित वातावरण र आर्थिक रूपमा कमजोर परिवारप्रति संवेदनशीलता सामाजिक परिवर्तनका आधार हुन् । सबै समस्या एकैपटक समाधान गर्न नसकिए पनि एउटा व्यक्तिले अर्को व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ ।

देशमा रोजगारीका पर्याप्त अवसर नहुँदा धेरै युवा विदेशिन बाध्य छन् । परिवारको भविष्य निर्माण गर्ने सपना बोकेर विदेश पुगेकाहरूका लागि दशैं परिवारसँग भेट्ने विशेष अवसर बन्यो । तर चाडपर्व सकिएपछि पुनः परिवारबाट टाढा फर्कनुपर्ने पीडा सहज हुँदैन । उनीहरूको योगदानलाई सम्मान गर्दै युवाले आफ्नै सीप र क्षमताका आधारमा स्वदेशमै सम्मानजनक जीवन बिताउन सक्ने वातावरण निर्माण गर्न आवश्यक छ । देशप्रेम शब्दमा मात्र होइन, इमानदार कर्म र सामाजिक उत्तरदायित्वमा पनि देखिनुपर्छ ।

दशैंले सम्बन्धमा रहेका दूरी र मनमुटाव कम गर्ने अवसर पनि दिन्छ । गलतफहमी, अहंकार र असमझदारीका कारण टाढिएका सम्बन्ध सुधार्ने संवाद, समझदारी र गल्ती स्वीकार गर्ने साहस चाहिन्छ । क्षमा माग्नु कमजोरी होइन, आफ्नो व्यवहारप्रति जिम्मेवार हुनु हो । सम्बन्ध सुधार्ने प्रयास गर्दा आपसी सम्मान र व्यक्तिगत सुरक्षालाई पनि महत्त्व दिनुपर्छ ।

अन्ततः दशैं सकिएको छ, तर जीवनका सम्भावना सकिएका छैनन् । निधारको टीका र जमरा हट्लान्, आफन्तहरु आ(आफ्नो कर्मथलो फर्कलान् र दैनिक जिम्मेवारी फेरि सुरू होलान् । तर दशैंले दिएको प्रेम, आशीर्वाद र सद्भावलाई मनबाट हराउन दिनु हुँदैन । चाडपर्वले केही दिनलाई उत्सवमय बनाउँछन्, तर असल सोच, इमानदार कर्म र मानवीय व्यवहारले हरेक दिनलाई अर्थपूर्ण बनाउन सक्छन् ।

यसपालिको दशैंलाई बितेको चाडको सम्झनामा मात्र सीमित नराखौं । बितेका दिनबाट सिकौं, वर्तमानलाई माया गरौं र भविष्यप्रति आशावादी बनौं । दशैं बिदा भयो, माया बिदा नहोस् । उत्सव सकियो, आशा नटुटोस् । आफन्तहरु टाढिए पनि आत्मीयता नघटोस् । जीवनमा समस्या आए पनि हिम्मत नहारियोस् र सफलता प्राप्त हुँदा पनि आफ्नो संस्कार तथा मानवीयता नबिर्सियोस् । यही नै दशैंपछिको जीवनले हामीलाई दिने महत्वपूर्ण सन्देश हो ।

इजरायलमा कसरी बन्छ सरकार ?

एजेन्सी । इजरायलमा अक्टोबर ७, २०२३ मा हमासको नेतृत्वमा भएका आक्रमणहरु पछि अक्टोबर २७ मा पहिलो पटक आम चुनाव भएको छ । यसपटकको चुनावमा कुनै पनि पक्षलाई एकल बहुमत नमिल्ने अनुमान धेरैजसो विश्लेषकहरूले गरिरहेका थिए । एक्जिट पोलबाट पनि त्यस्ता संकेतहरू देखिएका छन् ।

इजरायली समाचार संस्था कान ११ र च्यानल १३ ले सार्वजनिक गरेका पछिल्ला एक्जिट पोलअनुसार दुवै गठबन्धनले ५१(५१ सिट जित्ने अनुमान गरिएको छ । च्यानल १२ को संशोधित एक्जिट पोलमा भने नेतान्याहुको गठबन्धनले ५२ र आइजेन्कोट नेतृत्वको गठबन्धनले ५० सिट जित्ने अनुमान छ ।

अहिले जारी मगणनाको प्रारम्भिक रूझानमा भने नेतान्याहुको लिकुड पार्टी अगाडि छ । यो अग्रता कायम रहे इजरायली संसदमा सबैभन्दा ठूलो दल लिकुड नै हुनेछ ।

इजरायली संसदमा सिट कसरी बाँडिन्छ ?

इजरायलको संसदमा कुल १२० सिट छन् । बहुमतको सरकार बनाउन कम्तीमा ६१ सिट आवश्यक पर्छ । इजरायलमा मतदाताले प्रत्यक्ष रूपमा प्रधानमन्त्री चयन गर्दैनन् । उनीहरूले राजनीतिक दललाई मतदान गर्छन् र दलहरूले प्राप्त गरेको मतका आधारमा संसद् अर्थात् नेसेटमा सिट बाँडफाँट हुन्छ ।

संसदमा सिट पाउन कुनै दलले कुल सदर मतको कम्तीमा ३.२५ प्रतिशत प्राप्त गर्नुपर्छ । यो थ्रेसहोल्ड पार गर्ने दलहरूले प्राप्त गरेको मतअनुसार सिट पाउँछन् ।

दलहरुले निर्वाचनअघि उम्मेदवारहरूको सूची सार्वजनिक गरेका हुन्छन् । प्राप्त सिट संख्याका आधारमा उक्त सूचीमा रहेका उम्मेदवार सांसद् बन्छन् ।

बेन्जामिन नेतान्याहु

के बेन्जामिन नेतान्याहुले सरकार बनाउन सक्लान् ?

यदि कुनै दलले स्पष्ट बहुमत नपाएमा राष्ट्रपति इसाक हर्जोगले राजनीतिक दलहरूका नेताहरूसँग छलफल गर्नेछन् र उनले बहुमत जुटाउन सक्ने नेतालाई सरकार बनाउनका लागि आमन्त्रित गर्छन् ।

सामान्यतया राष्ट्रपतिले नेसेटमा सबैभन्दा धेरै सिट प्राप्त गरेको दललाई नै सरकार बनाउनका लागि आमन्त्रित गर्दछन् । यद्यपि, त्यसो गर्नु अनिवार्य भने छैन । उदाहरणका लागि, सन् २००९ को चुनाव पछि तत्कालीन राष्ट्रपति शिमोन पेरेजले सबैभन्दा पहिले नेतान्याहुलाई सरकार बनाउन आमन्त्रित गरेका थिए । जबकि उनको पार्टी लिकुड, प्रतिद्वन्द्वी पार्टी कदीमाभन्दा पछाडि रहेको थियो ।

राष्ट्रपतिका पहिलो रोजाइका नेतालाई सरकार बनाउनका लागि अधिकतम ४२ दिन दिइन्छ । यदि यो अवधिमा बहुमत सावित गर्न नसकेमा दोस्रो दलका नेतालाई यो मौका दिने गरिन्छ ।

यदि कुनै पनि पार्टीले बहुमत हासिल गर्न सक्दैन, भने अल्पमत सरकार सत्तामा आउने सम्भावना पनि हुन्छ । यदि त्यसो पनि हुन नसकेमा नयाँ चुनाव गराउन सकिन्छ । तबसम्म नेतान्याहु नै अन्तरिम प्रधानमन्त्री भइरहनेछन् ।

कुन राजनीतिक दलहरुको बीचमा प्रतिस्पर्धा छ ?

नेतान्याहुको लिकुड पार्टी वा आइजेनकोटको याशर पार्टी इजरायली संसदमा सबैभन्दा ठूला पार्टीहरु बन्ने अनुमान गरिएको छ । तर उनीहरूले बहुमत हासिल गर्न नसकेमा अर्को पार्टीको समर्थनको आवश्यकता पर्नेछ ।

बहुमत नपुगेको अवस्थामा अरब पार्टीहरु निर्णायक हुनसक्ने सम्भावना पनि छ । प्रारम्भिक मतगणनामा अरब पार्टीहरू आठ सिटमा अगाडि देखिएका छन् । तर, नेतान्याहुले अरब पार्टीहरूको समर्थनमा सरकार बनाउने सम्भावनाको विरोध गरेका छन् ।

नेतान्याहुले दक्षिणपन्थी र धार्मिक दलहरुको गठबन्धनको नेतृत्व गरिरहेका छन् । उनी पहिलो पटक सन् १९९६ मा सत्तामा आएका थिए । यित्जाक राबिनको हत्या पछि भएको मध्यावधि निर्वाचन पछि उनी इजरायलका पहिलो प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री बनेका थिए । विगत तीन दशकको धेरैजसो समयमा उनी सत्तामा रहेका छन् ।

नेतान्याहुका प्रतिस्पर्धी आइजेनकोटले विपक्षी दलहरूको गठबन्धनको नेतृत्व गरिरहेका छन् । विपक्षी गठबन्धमा मध्य(दक्षिणपन्थी र वामपन्थी झुकाव भएका पार्टीहरु सामेल छन् । यी पार्टीहरूको मुख्य साझा उद्देश्य नेतान्याहुलाई सत्ताबाट हटाउनु हो ।

विपक्षी गठबन्धनमा पूर्वप्रधानमन्त्री नफ्ताली बेनेट नेतृत्वको पार्टी बी'याखाद पनि सामेल छ ।

चुनावको नतिजा कहिलेसम्म आउला ?

शुरूआती नतिजाहरु आज अक्टोबर २८ देखि आउन सुरू भइसकेको छ । आधिकारिक नतिजाहरु भने नोभेम्बर ४ मा आउने छ । एकल बहुमत नआएको अवस्थामा गठबन्धन बनाउने प्रयासमा धेरै साता वा महिना पनि लाग्न सक्ने बताइएको छ ।

सन् २०२१ मा मार्चमा भएको चुनाव पछि जुन महिनामा मात्र नयाँ सरकार बन्न सकेको थियो । त्यतिबेला नेफ्ताली बेनेट र याइर लापिडको बीचमा सत्ता सहकार्यको सम्झौता भएको थियो ।

त्यस समय नेतान्याहुलाई सरकार बनाउने पहिलो मौका दिइएको थियो, तर उनी गठबन्धन बनाउनमा असफल भएपछि बेनेट र लापिड गठबन्धनको सरकार बनेको थियो । अहिले बेनेट र लापिड दुवै नेतान्याहु विरोधी गठबन्धनमा छन् ।

सहरिया जीवनशैलीले कोदो खेती घट्दै

तेह्रथुम/ ग्रामिण बस्तिका मानिसहरू क्रमशः गाउँ छोडेर सहर बजारतिर बसोवास गर्न थालेपछि तेह्रथुममा किसानले कोदो खेती गर्न छाड्दै गएका छन् । मानिसहरूले सहरिया जीवनशैलीले अपनाएसँगै कोदो खेती घट्दै गएको छ ।

खेती गर्ने जनशक्ति घट्दै जाँदा र किसान नगदेबालीतर्फ आकर्षित हुँदै गर्दा यसको उत्पादन र खेतीको निरन्तरतामा चुनौती थपिएको छ । तर कोदोबाट बनेका ढिँडो, म:म: र बिस्कुटजस्ता परिकारले बजारमा स्थान पाउन थालेको अनुभवले नयाँ सम्भावनासमेत देखाएको छ ।

एक किसानको खेतमा कोदो रोप्न जम्मा भएका गाउँले अर्को दिन अर्काको खेतमा पुगेर काम सघाउँथे । त्यतिबेला किसानले दुईदेखि ७०(८० रोपनीसम्मको जमिनमा कोदो खेती गर्ने गर्थे । मकैसँगै कोदो लगाउने चलन थियो । उत्पादित कोदोबाट ढिँडो, रोटी र खोले बनाएर खाने र बिक्री गर्ने गरिन्थ्यो ।

तर, अहिले गाउँको कृषि प्रणालीमा परिवर्तन आएको छ । कोदो रोप्ने समयमा खेतला पाउन कठिन छ भने पर्म खेल्ने चलनसमेत हराउँदै गएको छ । रोजगारी र शिक्षाका लागि युवा जनशक्ति सहर तथा विदेश जाने क्रम बढेको छ । खेतीमा धेरै श्रम र मिहिनेत लाग्ने तर नगदेबालीबाट आम्दानी लिन सकिने भएपछि किसानको आकर्षण अन्य बालीतर्फ बढेको छ । यसले परम्परागत कोदो खेतीको क्षेत्रफल घटाउँदै लगेको छ ।

तेह्रथुमको छथर गाउँपालिका २ फयाकका किसान टंकबहादुर कार्कीका अनुसार पहिले असार, साउन र भदौको पहिलो सातासम्म कोदो रोप्न खेतला र पर्म गर्ने मानिस सहजै पाइन्थे । गाउँलेहरु पालैपालो एकअर्काको खेतमा काम गरेर खेतीपातीका काम सम्पन्न गर्थे । अहिले भने खेतीका लागि श्रमिक पाउन कठिन हुन थालेको छ । पर्म खेलेर एकअर्कालाई सघाउने चलन हराउँदै गएको छ । गाउँमा श्रम गर्ने मानिसको अभावले परम्परागत खेती गर्न कठिन भएको उनको अनुभव छ ।

कोदाको ढिडो

त्यस्तै, अग्रबहादुर कार्की गाउँमा खेती गर्ने युवा नहुँदा र कोदो खेतीमा धेरै मिहिनेत लाग्ने भएकाले किसानले यसको खेती घटाउँदै लगेको बताउँछन् । 'गाउँमा खेती गर्नका लागि युवाहरु छैनन् । कोदो खेती गर्न धेरै मेहनत र श्रम लाग्छ । नगदेबालीबाट राम्रो आम्दानी हुने भएकाले किसानहरु कोदो खेती घटाएर अन्य बालीतर्फ आकर्षित हुँदै गएका छन्', उनी भन्छन् ।

किसानका अनुभवले कोदो खेती घट्नुमा श्रमिक अभाव, बदलिँदो जीवनशैली र आर्थिक प्राथमिकतामा आएको परिवर्तन मुख्य कारण रहेको देखाउँछन् । परिवारको दैनिक खर्च, बालबालिकाको शिक्षा र स्वास्थ्य उपचारलगायत आवश्यकता पूरा गर्न नगद आम्दानी आवश्यक पर्ने भएकाले किसानले अलैँची, अदुवा, अम्लिसो, तरकारी तथा अन्य नगदेबालीलाई प्राथमिकता दिन थालेका छन् ।

कोदो परम्परागत खानामा मात्र सीमित रहनुपर्ने अन्न होइन । यसको पिठोबाट ढिँडो, रोटी, बिस्कुट, केक तथा अन्य खाद्य सामग्री बनाउन सकिन्छ । पछिल्लो समय लोकप्रिय खाजाका रूपमा रहेको म:म:मा समेत कोदोको पिठो प्रयोग गर्ने सम्भावना छ । गहुँको पिठोमा निश्चित अनुपातमा कोदोको पिठो मिसाएर म:म:को बाहिरी खोल तयार गर्न सकिन्छ । यसका लागि उपयुक्त अनुपात, स्वाद र बनावट मिलाउनु आवश्यक हुन्छ ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा

विगत दुई दशक
अगाडीदेखि तपाईहरुको सेवामा

समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

नेपालकै सर्वाधिक महंगो चिया कसरी बन्छ ?

इलाम/ चिया त पिउनुभएको छ। कस्तो(कस्तो ? चियापत्ती भुलुक्क उमालेको । थोरै चिनी मिसाएको । सुकुमेल र ल्वाङ मिसाएको । तेजपत्ता र अदुवा मिसाएको । दूध मिसाएको । आफ्नो स्वाद र सहजता अनुसार तपाईंले यसमध्ये कुनैपनि तरिकाले चिया पिउनुभयो होला ।

त्यसबाहेक अहिले ग्रीन टिको स्वाद पनि धेरैलाई बसिसेको छ । खासगरी स्वास्थ्यप्रति सचेतहरूलाई ग्रीन टिले लोभ्याएको छ । बजारमा यी चियाहरू सहजै पाइन्छन् । सस्तै पाइन्छन् । तर तपाईंले नेपालमै उत्पादन हुने सर्वाधिक महंगो चिया पिउनुभएको छ ?

त्यो चिया हो, गोल्डेन निडल । यसको खुद्रा मूल्य नै प्रतिकेजी १५ हजार रुपैयाँबाट सुरु हुन्छ । बजारमा त यो ग्रामको हिसाबले बिक्री हुन्छ । १०० ग्रामकै ३५०० रुपैयाँसम्म पर्न सक्छ ।

यति महंगो चिया कसले पिउँछ ? यससँगै आउने अर्को प्रश्न पनि छ, किन यो चिया यति महंगो हुन्छ ?

खासमा पूर्वी पहाडमा उत्पादन हुने चियामध्ये यो सर्वाधिक गुणस्तरको चिया हो । यो चियाको कलिलो मुनाबाट निकालिने सुइरोबाट बन्छ । सुइरो अर्थात निडल । यसको गुण र स्वाद विशिष्ठ किसिमको हुन्छ ।

त्यसबाहेक यसलाई टिप्न पनि निकै मेहनत चाहिन्छ । बगानमा एकदमै जतनसाथ यस्तो सुइरो टिपिन्छ । त्यसलाई डोकोमा राखिन्छ । अनि फ्याक्ट्रीमा पुऱ्याएर स्वच्छ ढंगले प्रशोधन गरिन्छ । यसलाई ओइलाउने, माड्ने र सुकाउने विधि एकदमै फरक हुन्छ । एउटा निश्चित तापमानमा ओइलाएर थप प्रक्रिया पूरा गरिन्छ ।

यस क्रममा यो चिया सुनौलो रङमा बदलिन्छ । औषधीय गुणले पनि भरिपूर्ण यो चियाको आफ्नो छुटै मिठास हुन्छ ।

यसको चियाको बोट फरक भने हुँदैन । उही बोटबाट थरीथरीको चिया बनाइन्छ, त्यसमध्ये गोल्डेन निडल पनि एक हो । यद्यपि चियाको प्रजाति, भूगोल र हावापानी अनुसार यसको गुणवत्तामा भने फरक पर्छ ।

यो चिया इलामको जसबीरे चिया प्रशोधन कारखानामा उत्पादन हुन्छ, जसको नाम 'जसबीरे गोल्ड' राखिएको छ ।

यस्तो चिया निश्चित मात्रामा मात्र उत्पादन हुन्छ । घरेलु बजारमा यसको खासै खपत हुँदैन । चीन, अमेरिका, जर्मनीलगायतका देशमा गोल्डेन निडलको माग हुनेगर्छ ।

प्रेरक भनाईहरु

- यहाँ न असल छ न त खराब नै असल(खराब त हाम्रो सोचाइको उपज हो ।
- एउटा रित्तो भाडोले नै ज्यादा आवाज निकाल्छ ।
- हामी को हौं, यो हामीलाई थाहा छ तर के हामी के बन्न सक्छौ यो थाहा छैन ।
- सफलताका तीन सूत्रहरु छन्, एक, कहिल्यै हरेस नखाउ, दुई, कहिल्यै हरेस नखाउ र तीन कहिल्यै हरेस
- नखाउ ।
- यदि हामीले विगत र वर्तमान बिचको विवादलाई हेरिरह्यौ भने आफ्नो भविष्य गुमाएको पाउनेछौ ।
- हावाको चाप जती बढी हुन्छ उतीनै चंगा माथी उड्न सक्छ ।
- हामी अव्यक्त शब्दका मालिक हौं तर ति शब्दहरुको नोकर जुन हाम्रो जिब्रोबाट चिप्लिएका थिए ।
- राजनीति कुनै खेल होइन, यो त कमाइ हुने व्यापार हो ।
- इतिहास सधै विजेताहरुबाट लेखिएको हुन्छ ।
- एक्लो रुख यदि पूर्णरुपमा उम्रन्छ भने बलियो भएर उम्रन्छ ।
- मैले यो जाने की साहस भनेको नडराउनु मात्र रहेनछ बल्की डर माथी विजय पाउनु रहेछ । बहादुरत्यो होइन जो डराउदैन, बहादुर त त्यो हो जो डरको बाबजुद अघी बढ्दछ ।
- एउटा ठूलो पहाड चढेपछी बल्ल थाहा हुन्छ कि चढ्नका लागि अझ थुप्रै पहाडहरु बाँकी छन् ।
- जबसम्म काम समाप्त हुदैन तबसम्म त्यो असंभव लाग्दछ ।
- शक्षा एउटा त्यस्तो सशक्त हतियार हो जसले विश्व बदल्न सक्दछ ।

पुस्तक साभार



नेपालको इतिहास र समाज अध्ययन

✍ डा. सूर्यमनि अधिकारी

ललितपुर विजय

गतांकबाट.....यता दक्षिणतर्फ तनहूँको बाटो तनहुँका सैन्यसमेत साथमा लिएर केहरसिंह बस्नेत अगाडि बढे । रिसिङ र घिरिङले पहिले नै तनहूँसमै नेपालको आश्रय स्वीकार गरिसकेका थिए । त्यसो हुँदा केहरसिंह बस्ने सरासर भीरकोटमाथि आक्रमण गर्न पुगे । नेपाली आक्रमणका डरले भीरकोट पर्वतसँग मिलिसकेको थियो । वि.सं.१८२८ जेठ २६ गते भीरकोट, गरहूँ र पैयूँमा नेपाली सेनाले अधिकार गरे । विजय गर्दै अघि बढेका वंशराज पाण्डे र केहरसिंह बस्नेत आ–आफ्ना सेनासहित स्याङ्जामा भेट भए । यसैबीच बर्साद सुरू भएकाले नेपाली सेना बसांदभर स्याङ्जामा नै रहे ।

पर्वतका राजा कीर्तिबम मल्ल नेपाली सेनाको पश्चिम विजय अभियानलाई रोक्ने प्रयासमा लागिरहेका थिए । उनलाई लमजुङ र तनहुँका राजाले पनि साथ दिए । आफ्ना ९६ सैनिक नेपाली सैनिकद्वारा गृहोाटमा काटिएपछि तनहुँ नेपालको विरोधमा उत्रियो । पर्वतको नेतृत्वमा अन्य साना राज्य पनि एकत्रित हुन आए । लगभग २००० लडांका जवान भएको एउटा सैन्य दत्त खडा गरियो । यिनीहरु र नेपाली सेनाबीच बि.सं.१८२८ पौष ५ गते सतहूँमा १६ घण्टासम्म घोर घमासान युद्ध भयो । नेपाली पक्षका ५०० जति सैनिकसहित सेनापति केहरसिंह बस्नेत मारिए । विषालु वाण लाग्न गई अचेत भएका काजी वंशराज पाण्डेलाई पक्रेर पर्वत पुर्‍याइयो । बचेका नेपाली सैनिक बाटामा अनेक हन्डर खाँदै भागेर गोर्खा पुगे । यसप्रकार पृथ्वीनारायण शाहको पश्चिम विजय गर्ने अभियान असफल भई आश्रय स्वीकार गरिसकेका तनहुँलगायतका चौबीसे राज्यहरु पुनः स्वतन्त्र भए ।

पूर्वी नेपालको विजय अभियान

पश्चिममा असफल भएपछि पृथ्वीनारायण शाहले आफ्नो ध्यानपूर्वतर्फ केन्द्रित करे । उनले अभिमानसिंह बस्नेत, अमरसिंह थापा, रामकृष्ण कुंवर, पारन भण्डारी आदि सेनानायकहरूलाई पूर्वी नेपालमा विजय अभियानको जिम्मेवारी सुम्पिए । त्यस बखत पूर्वमा चौदण्डी र विजयपुर नामका दुई स्वतन्त्र राज्य थिए । यी दुवैमा पाल्याची मेनवंशका राजा राज्य गर्दचे । चौदण्डीलाई खम्बुवान वा माभाकिटात र विजयपुरलाई लिम्बुवान वा पल्लोकिरात पनि भनिन्थ्यो । चौदण्डीमा राजा कर्णसेन थिए भने विजयपुरमा राजा कामयत्तनको रहस्यमय हत्यापछि राजगद्दी रित्त थियो । मन्त्री बुद्धिकर्ण राई त्यस बचत विजयपुरका सर्वेसर्वा बनेका थिए ।

नेपालीहरुले वि.सं.१८३० को वैशाखमा चौदण्डीमाथि अधिकार गरे । त्यहाँका राजा कर्णसेन भापेर विजयपुर शरण लिन गए । विजयपुरको राजगद्दी रित्त रहेकाले मन्त्री बुद्धिकर्ण राईले कर्णसेनलाई नै त्यहाँका राजा बनाए । चौदण्डी विजयको पन्ध्र महिनापछि वि.सं.१८३५ को साउनमा नेपालीहरुले विजयपुर पनि अधिकार गरे । कर्णसेन र बुद्धिकर्ण राई भागेर भारत पसे । वि.सं.१८३१ को मार्च महिनामा इलाम अधिकार गरी नेपाली सैनिक दार्जिलिङ दाखिल भए । उनीहरु सिक्किममाथि आक्रमण भर्ने तयारी गर्दै थिए । यसैबीच नेपाल राष्ट्रका जनक श्री ५ पृथ्वीनारायण शाहको ५२ वर्षको उमेरमा १८३१ माघे सङ्क्रान्तिका दिन प्रातः ७.३० बजे नुवाकोटनजिकै त्रिशूली नदीको किनार देवीघाटमा देहान्त भयो । त्यो दुःखद समाचार पाएपछि नेपाली सैनिकहरु विजय अभियान स्थगित गरी फर्किए । क्रमशः....

'मायालाई के दिऊँ म बैना' ५ करोडभन्दा बढी पटक हेरियो

दमक/ अभिनेत्री स्वस्तिमा खड्काले एउटा फोटो सेयर गर्दै लेखेकी थिइन्, 'नेपालका कतिपय ठाउँमा, जहाँ सायद मेरा फिल्महरु पुग्न सकेनन्, त्यहाँ मेरा गीतहरुले मलाई पुऱ्याइदिए । मेरो करियरमा गीतहरुको भूमिका एकदमै ठूलो छ ।'

उनले यो प्रसंग उप्काउनुको कारण हो, 'मायालाई के दिऊँ म बैना'ले पाएको सफलता । यो गीतले युट्युबमा पाँच करोडभन्दा बढी भ्युज पाएपछि दंग पर्दै स्वस्तिमाले उक्त पोस्ट गरेकी हुन् ।

यो गीत फिल्म 'लालिबजार'को हो । फिल्म षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको हो । गीत युट्युबमा सार्वजनिक भएको सात महिना पुग्दै छ ।

खेम सेन्चुरी र दीपिका बयम्बु मगरको स्वर, रमेश बीजीको शब्द तथा खेम सेन्चुरीकै संगित रहेको गीतमा स्वस्तिमा खड्का र समाइरा थापालगायतको आकर्षक प्रस्तुति छ । प्रदीप लामाको नृत्य निर्देशन रहेको गीतले युट्युबसँगै टिकटक र रिल्समा पनि दर्शकको ध्यान खिचेको छ ।

नेपाली फिल्मका गीतहरुबीच युट्युब भ्युजको प्रतिस्पर्धा बढिरहेका बेला 'मायालाई के दिऊँ म बैना'ले हासिल गरेको यो सफलताले चलचित्रको डिजिटल पहुँच र गीतको लोकप्रियता दुवैलाई उजागर गरेको छ ।

आज मिति
२०८३ साल
कात्तिक १२ गते
बिहीबार
29 Oct. 2026
तिथि: चतुर्थी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	पढाईमा रुचि । सामान्य आम्दानी ।
वृष	इ उ ए ओ वा वि वु वे वो	दक्षिण उत्तरको यात्रा राम्रो। कार्यमा सफल ।
मिथुन	का कि कु घ ङ छ के को	अनावश्यक भ्रमण । पेटमा समस्या ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	आम्दानी बढ्ने । दिदी, दाजुको सहयोग ।
सिंह	मा मि मु मे मो टा टि टु टे	परोपकारको काम गर्ने दिन । व्यापारबाट लाभ ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	राज्य पक्षको भय । कार्यमा निकै खट्नुपर्ला ।
तुला	हि हु हे हो डा डि डु डे डो	शत्रुको भय । सामान्य आम्दानी ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	सामान्य घुमफिरमा मन जाने । व्यवसायबाट लाभ ।
धनु	य यो भा भी भ धा फा ढ	खेलकुदमा सफल । मावलीको सहयोग ।
मकर	भो जा जी खि खू खे खो गा गी	लेनदेनमा विवाद । सन्तानबाट सहयोग ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	घरायसी समस्या । कारोबारमा समान्य लाभ ।
मीन	दि दु थ झ ञ दे दो चा ची	हिम्मत आँट बढ्ने । कार्यमा सफलता ।

राप्रपाको....... देश दौडाहा अभियानको सुरु गरिएको छ । वीरगञ्जबाट सुरु भएको यो संयुक्त अभियान बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ हुँदै अध्यक्ष लिङ्देनकै गृहजिल्ला झापा पुगेर कात्तिक १६ गते समापन हुने कार्यतालिका छ।त्यसपछि नयाँ कार्यक्रम तय गरिनेछ ।

वीरगञ्जमा आयोजित पहिलो कार्यक्रममा पूर्वअध्यक्षद्वय कमल थापा, डा. प्रकाशचन्द्र लोहनी, वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे, नेता राजीव पराजुली लगायतका शीर्ष नेताहरूले सम्बोधन गरेका थिए । यस्तै प्रेम बलायरसहित नेता कार्यकर्ता पनि केन्द्रबाट अभियान टोलीमा छन् ।

कार्यक्रममा नेताहरूले पार्टी हाल कमजोर अवस्थामा पुगेको र यसलाई पुनः गतिशील र सशक्त बनाउन आवश्यक रहेको बताए। स्रोतका अनुसार महाधिवेशनमा लिङ्देनलाई अध्यक्षमा दोहोरिन नदिन थापा र लोहनीले वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डेलाई साझा उम्मेदवारका रूपमा अघि सार्ने तयारी गरेका छन् । राप्रपा नेता जनकराज पाठकले यो अभियान पूर्ण रूपमा आगामी महाधिवेशन केन्द्रित भएको बताउँदै तीन नेताहरू अब चुनावसम्मै एकजुट भएर जाने बताए ।

वीरगञ्जमा भएको भेला रोक्न अध्यक्ष राजेन्द्र लिङ्देनले अन्तिम समयसम्म प्रयास गरेको असन्तुष्ट पक्षका नेताहरूले दाबी गरेका छन् । लिङ्देनले नेता तथा कार्यकर्ताहरूलाई 'वान टु वान' फोन गरेर कार्यक्रममा नजान दबाब दिए पनि कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको कार्यक्रममा सहभागी एक नेताले बताए ।

अध्यक्षको असहयोगका कारण संस्थापन पक्षका स्थानीय नेताहरू भने कार्यक्रममा सहभागी भएनन् । पर्सा जिल्ला अध्यक्ष विना जैसवाल बिरामी परेको भन्दै कार्यक्रममा अनुपस्थित रहिन् । पार्टीभित्र लिङ्देनले एकलौटी सिन्डिकेट चलाएको, कार्यकर्तालाई प्रोत्साहन गर्न नसकेको र सक्रिय सदस्यता वितरणसमेत प्रभावकारी बनाउन नसकेको भन्दै असन्तुष्ट पक्ष आक्रामक बनेको छ। यद्यपि संस्थापन पक्षले भने असन्तुष्ट पक्षले अनावश्यक बखेडा झिक्ने गरेको आरोप लगाउँदै आएको छ ।

राप्रपाले हालसम्म ७५ जिल्ला र ५ प्रदेश कार्यसमितिको अधिवेशन सम्पन्न गरिसकेको छ। महाधिवेशनको मिति नजिकिँदै गर्दा थापा, लोहनी र पाण्डेको यो संयुक्त मोर्चाले राप्रपाको भावी नेतृत्वको लडाइँलाई निकै रोचक बन्ने देखिएको छ।

आयातित....... स्वदेशी उत्पादनले स्थानीय माग धान्न सक्ने अवस्था रहेको उल्लेख गर्दै भारतीय फूलको आयात रोक्न नीतिगत पहल गरिनुपर्ने किसानको अर्को माग छ । स्वदेशी उत्पादनको संरक्षण र लगानीको सुरक्षाका लागि भारतबाट फूलको आयातमाथि रोक लगाइनुपर्ने माग प्रजिअ पोखरेलसमक्ष राखिएको किसान पौडेलले बताइन् ।

जिल्लामा १५ देखि २० हेक्टर क्षेत्रफलमा सयपत्री फूलको व्यावसायिक खेती हुँदै आएको किसानहरूको भनाइ छ । विगतमा स्थानीय फूलले उचित बजार नपाउँदा आर्थिक क्षति व्यहोर्नुपरेको उनीहरूले गुनासो गरेका छन् ।

भारतबाट हुने अनधिकृत आयात नियन्त्रणका लागि सीमा र भन्सारमा प्रभावकारी अनुगमन गरिदिन, स्थानीय उत्पादनको न्यायोचित मूल्य र सहज बजार पाउने व्यवस्था मिलाइदिन किसानहरूले माग गरेका छन् । त्यसैगरी सरकारी कार्यालय, विद्यालय, होटल र संघसंस्थामा स्वदेशी फूल प्रयोग गर्नका लागि प्रोत्साहित गरिदिन, फूलखेतीसम्बन्धी वास्तविक तथ्यांक संकलन गरी दीर्घकालीन योजना बनाउन र फूलखेतीको संरक्षण तथा बजार विस्तारका लागि सरकारी सहयोग उपलब्ध गराउनसमेत मागपत्रमार्फत जिल्ला प्रशासन कार्यालयको ध्यानाकर्षण गराइएको छ ।

फूल सुरक्षित राख्ने चुनौतीसँगै उत्पादित फूलले उचित बजार पाउने विषयले पनि किसानलाई चिन्तित बनाएको छ । भारतबाट आयात हुने फूलका कारण स्थानीय उत्पादनले बजार नपाउने र लगानी खेर जाने अवस्था आउन सक्ने किसानको गुनासो छ ।

बिर्तामोडकी कृषक शुष्मा पौडेलको नेतृत्वमा २० जना व्यावसायिक किसानको टोलीले मंगलबार प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेललाई भेटेर सातबुँदे मागपत्र बुझाएको छ । किसानले स्वदेशी सयपत्रीलाई स्थानीय बजारमा पहिलो प्राथमिकता दिन र भारतबाट हुने अनधिकृत आयात नियन्त्रण गर्न माग गरेका छन् । झापाका सयपत्री फूलखेती गर्ने किसानलाई यतिबेला फूल टिप्ने चटारोसँगै तिहारसम्म जोगाएर राख्ने चिन्ताले सताएको छ । तिहार आउनुअघि नै फूल फुलेपछि किसानले गुणस्तर बिग्रिन नदिन टिपेर कोल्डस्टोरमा भण्डारण गर्न थालेका छन् ।

वर्षा भए फूल बिग्रिने जोखिम रहेकाले किसानले फूल टिप्ने, माला उन्ने र भण्डारण गर्ने कामलाई तीव्रता दिएका छन् । तिहार आउन झन्डै दुई हप्ता बाँकी रहँदा फूल सुरक्षित राख्नुपर्ने बाध्यता भएको बुद्धशान्ति-३ स्थित कृषि कम्पासका व्यवस्थापक विनोद रिजालले बताए ।

"तीन-तीन दिनमा फूल टिपिन्छ," रिजालले भने, "टिपेको फूल सुरक्षित राख्न बिर्तामोडस्थित रोयल कोल्डस्टोरमा पुर्‍याउन थालेका छौं ।" फूल भण्डारणका लागि छुट्टै कोल्डस्टोर नहुँदा उपलब्ध सुविधामै निर्भर हुनुपरेको उनले बताए । "फूलका लागि अलग्गै कोल्डस्टोर हुन्छ, तर झापामा त्यो सुविधा छैन," उनले भने, "जे जस्तो भए पनि यहाँ उपलब्ध स्टोरमै फूल सुरक्षित राख्न बाध्य छौं ।" अर्जुनधारा-१० स्थित मिश्र कृषि फार्मका आयुष मिश्रले पनि वर्षाका कारण फूल बिग्रिने जोखिम रहेकाले टिपेर भण्डारण गर्नुपरेको बताए । पानी परे फूल कालो हुने र गुणस्तरमा असर पर्ने भएकाले फूल टिपेर माला उन्दै कोल्डस्टोरमा राख्ने गरिएको उनले जानकारी दिए ।

झापामा यस वर्ष कनकाईमाईपूर्व मात्रै १६ बिघाभन्दा बढी जमिनमा सयपत्री फूलखेती गरिएको छ । बिर्तामोड, मेचीनगर, भद्रपुर, दमक र शिवसताक्षीलगायत क्षेत्रमा किसान तथा विभिन्न समूहले तिहारलाई लक्षित गरी व्यावसायिक रूपमा फूल उत्पादन गरिरहेका छन् ।

__तीन दिन.......__ भूभागमा भारी वर्षा, हिमपात, हिमआँधी र हिमपहिरोको उच्च जोखिम रहेको जनाइएको छ ।

जोखिमलाई दृष्टिगत गर्दै अध्यागमन विभागले कात्तिक १२, १३ र १४ गतेका लागि पदयात्रामा जान पूर्ण रोक लगाएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पर्यटक, पदयात्री तथा सर्वसाधारणलाई उच्च पहाडी तथा हिमाली क्षेत्रमा नजान र अत्यावश्यक कामबाहेक सडक तथा हवाई यात्रा नगर्न अनुरोध गरेको छ । यसअघि नै पदयात्रामा निस्किसकेकाहरूलाई मौसम अनुकूल नभएसम्म सुरक्षित स्थानमै रहन भनिएको छ ।

छिमेकी......छ । त्यसमा पनि रास्वपाले दुई छिमेकीलाई प्राथमिकतामा राखेको देखिन्छ ।

अन्तर्राष्ट्रिय मामिलाका जानकार पूर्वउपरथी बिनोज बस्न्यातले दुई छिमेकी मुलुकमध्ये पनि रास्वपाले भारतलाई प्राथमिकतामा राखेको बताए । उनले भने, 'रास्वपाको परराष्ट्र नीति नै भारत र चीनलाई प्राथमिकतामा राख्नु हो । त्यसलाई उसले राष्ट्र नीति नै बनाउन चाहेको छ, तर त्यसमा पनि भारतलाई विशेष प्राथमिकतमा राखेको देखिन्छ ।'

चीनभन्दा भारतसँग नेपालको विशेष सम्बन्ध रहेको उनले प्रस्ट पारे । 'खुला सीमा लगायत जनता-जनताबिचको सम्बन्ध, अन्य सम्बन्धले गर्दा भारतसँग अलि बढी झुकाव हुनु स्वाभाविक हो,' उनले भने । चीनसँग पनि प्रगाढ सम्बन्ध बनाउन प्रयास भइरहेको उनले प्रस्ट पारे ।

पूर्वराजदूत निलाम्बर आचार्य भने दुई छिमेकी देश भारत र चीनसँग जुनखालको सम्बन्ध हुनुपर्ने हो, त्यो अझै नदेखिएको बताउँछन् ।

पछिल्लो समय रास्वपा र रास्वपा नेतृत्वको सरकारबाट भारतमा उच्चस्तरीय भ्रमण भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले दुई पटक भारतको भ्रमण गरिसकेका छन् ।

सरकारका अर्थमन्त्री समेत रहेका पार्टीका उपसभापति डा. स्वर्णिम वाग्लेले पनि दुई पटक भारतको भ्रमण गरिसकेका छन् । भारत भ्रमण गर्नेमा परराष्ट्रमन्त्री शिशिर खनाल पनि पर्छन् । यस अतिरिक्त गृहमन्त्री सुधन गुरूङ र रास्वपा नेता मनिष झाले पनि भारतको भ्रमण गरिसकेका छन् । यसपछि प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहको भारत भ्रमणको तयारी भइरहेको छ ।

१२ वटा....दोस्रो स्थानमा छ । वीरगञ्जबाट ४७ अर्ब ९२ करोड रूपैयाँ बराबरको र विराटनगर नाका हुँदै २९ अर्ब ३५ करोड रूपैयाँ बराबरको वस्तु बिदेसिएको छ । त्यस्तै, हवाई मार्ग हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १२ अर्ब ७१ करोड, भैरहवा भन्सारबाट ११ अर्ब ५१ करोड र मेची भन्सारबाट ९ अर्ब ३३ करोड रूपैयाँ बराबरको वस्तु निर्यात भएको छ ।

२८ नाकाबाट आयात भइरहे पनि मुलुकका १२ वटा भन्सार कार्यालयबाट भने स्वदेशी वस्तुको निर्यात शून्य रहेको छ । तथ्यांकअनुसार भद्रपुर, जनकपुर, महेशपुर, पोखरा, राजविराज, सती, सिराहा, सुनसरी, सुठौली, तातोपानी, ठाडी र त्रिवेणी भन्सार कार्यालयबाट यो तीन महिनाको अवधिमा एक रूपैयाँको पनि वस्तु निर्यात भएको छैन । चीनसँगको प्रमुख व्यापारिक नाका तातोपानीबाट सवा अर्बको आयात हुँदा निर्यात भने पूर्ण रूपमा शून्य देखिएको छ ।

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

CARITAS NEPAL कारितास नेपाल
Building Resilient Communities
Expression of Interest (EOI)
Publishing Data: 28th Oct 2026

Caritas Nepal is a national non-profit organization dedicated to improve the lives of marginalized and vulnerable communities. Caritas Nepal invites Expressions of Interest (EOI) from qualified and experienced individual consultants, consulting firms, or organizations to develop the following documents for Rong Rural Municipality, Ilam:

- Safe Migration and Resilient Livelihood Procedure
- Safe Migration Emergency Fund Management and Operation Guideline

The objective of this assignment is to support Rong Rural Municipality in establishing institutional mechanisms that promote safe, orderly, dignified, and regular labour migration, facilitate the sustainable reintegration of returnee migrants and survivors of trafficking, and strengthen resilient livelihood opportunities at the local level.

Interested individual consultants, consulting firms, or organizations are requested to submit their Expression of Interest (EOI) either electronically or in a sealed proposal. The application must reach the Caritas Nepal Provincial Office, Damak, Jhapa, no later than 20 Nov 2026, 3:00 PM.

Submission Email: pradip@caritas.org.np

For detailed information and the Terms of Reference (ToR), interested applicants may visit the Caritas Nepal Provincial Office, Damak, Jhapa, contact us at 9801318332, or request the ToR via email at himalaya@caritas.org.np.

Saroj Dahal
Office in –Charge
Caritas Nepal, Damak

प्रतिवादी...... २०६१ चैत २ गते मृत्यु भएको थियो । त्यस ज्यान मुद्दाका प्रतिवादी चुलाचुली ३ बस्ने कमल भन्ने प्रेमकुमार श्रेष्ठ समेतलाई इलाम जिल्ला अदालतको मिति २०६६ कात्तिक १६ गतेको आदेशले ५ बर्ष कैदको फैसला सुनाएको थियो । त्यसपछि सर्वोच्च अदालतको मिति २०६८ चैत २४ गतेको आदेशले जिल्ला अदालत इलामको फैसलालाई नै सदर गरेको थियो । तर घटनाका प्रतिवादी श्रेष्ठ फरार भएका थिए । प्रतिवादी श्रेष्ठलाई खोजतलास गर्ने क्रममा गत कात्तिक ४ गते दिउँसो २ बजे घरमा लुकिछिपी बसेको अवस्थामा प्रहरीले फेला पारेको हो ।

उनलाई पक्राउ गरी सोमवार अदालतमा पेश गर्दा अदालतको आदेशले लागेको कैद भुक्तान गर्न कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

दुर्घटनामा..... दुर्घटनामा गंभीर घाईते उनलाई तत्काल उपचारका लागि उर्लाबारीस्थित अरनिको अस्पताल लगिएकोमा उपचारकै क्रममा उनको साँझ ६:०५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए । दुर्घटनामा संलग्न ट्रक चालक पाँचथरको मिक्लाजुङ गाउँपालिका-५ निवासी ३४ वर्षीय खड्गप्रसाद लावतीलाई नियन्त्रणमा लिईएको इलाका प्रहरी कार्यालय उर्लाबारीका प्रहरी निरीक्षक नविन ओलीले जानकारी दिईन् ।

यसैगरी, सोमबार राति करिब ११:२० बजे मिक्लाजुङ गाउँपालिका-८ स्थित तोरीबारी जंगलमा मधुमल्लाबाट खुडीतर्फ जाँदै गरेको को १५ प ५४७१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडक छेउको बिजुलीको पोलमा ठोक्किएर दुर्घटना हुदाँ ३१ बर्षिय स्थानीय दिपेन लिम्बूको मृत्यु भएको उर्लाबारी प्रहरीले जनाएको छ । दुर्घटनामा परि लिम्बूको टाउकोमा चोट लागेको थियो। उनलाई उपचारका लागि अरनिको अस्पताल लगिएतापनि उनको उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले सो मोटरसाइकल लाई नियन्त्रणमा लिई अनुसन्धान सुरू गरेको जनाएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मेची बहुउद्देश्यीय सहकारी संस्था लि. दमक, झापाको

ऋण चुक्ता गर्न आउनेबारेको ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०७।१२ गते बिहीबार

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यले विभिन्न प्रयोजनका लागि ऋण लिंदाको बखतमा तोकिएको भुक्तानी तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम नतिरी नबुझाई संस्थालाई लेखी/लेखाई दिएको ऋणसम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएकाले संस्थाको सम्पूर्ण लिने रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित पत्रको रुपमा ताकेता गर्दा समेत आलटाल गरी बुझाउनुपर्ने ऋणको साँवा, ब्याज र हर्जना समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (पैंतिस दिन) भित्र यस संस्थाको कार्यालयमा आइ भाखा नाघेको ऋणको सम्पूर्ण साँवा, ब्याज र हर्जनालगायतका रकम चुक्ता गर्न/गराउनुहुन तपाई ऋणी सदस्य तथा हकवालामा सूचना जारी गरिन्छ । उल्लेखित मितिभित्र ऋणको सम्पूर्ण साँवा, ब्याज र हर्जना चुक्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको कर्जा असुली तथा धितो लिलाम बिक्री कार्यविधि एवम् प्रचलित कानुन बमोजिम ऋणी सदस्यको धितोमा रहेको चल-अचल सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिने रकम असुल गर्ने प्रक्रिया अगाडि बढाइनेछ । असुल उपर कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएका अन्य सम्पूर्ण खर्च समेत ऋणीबाट नै असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ । सोबाट संस्थाको सम्पूर्ण लिने रकम असुल उपर नभएमा तपाई ऋणी सदस्यको घर-घरानाको चल-अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

क्र.स.	ऋणीको विवरण	धितोको विवरण
१.	नामः पृथ्वीबहादुर कार्की बाबुः पदमबहादुर कार्की बाजेः लिलबहादुर कार्की पत्नीः साबित्रा कार्की बतनः उर्लाबारी-०५, मोरङ ना.प्र.नं. १८८८(मोरङ) जारी मितिः २०५६।११।०३	जग्गा धनीको नामः पृथ्वीबहादुर कार्की ठेगानाः उर्लाबारी-०५, मोरङ जग्गा भएको स्थानको ठेगानाः साविकः मधुमल्ला-५ (ङ) र मधुमल्ला-५ (ख) हालः उर्लाबारी-६ र उर्लाबारी-५, मोरङ जग्गाको कित्ता नं.: १०४७ र २८३३ जग्गाको क्षेत्रफलः ०-१-०-० (बिघा) र ०-१-५-३ (बिघा)
२.	नामः निर्मला श्रेष्ठ बाबुः छविलाल श्रेष्ठ बाजेः महिपति श्रेष्ठ पतिः नारायण श्रेष्ठ बतनः दमक-९, झापा ना.प्र.नं. १२२४ (तेह्रथुम) जारी मितिः २०४५।०२।२७	जग्गा धनीको नामः निशा श्रेष्ठ (सदस्यकी छोरी) ठेगानाः उर्लाबारी-३, मोरङ जग्गा भएको स्थानको ठेगानाः साविकः लेटाङ-७ (ग) हालः उर्लाबारी-२, मोरङ जग्गाको कित्ता नं.: १७९५ जग्गाको क्षेत्रफलः ०-०-१९-१ (बिघा)
३.	नामः सर्मिला राई बाबुः टिकाराम राई पतिः नविन थापा बतनः दमक-७, झापा ना.प्र.नं. १५९१० (झापा) जारी मितिः २०५९।०८।०६	जग्गा धनीको नामः अम्बिका थापा (सदस्यकी सासुआमा) ठेगानाः दमक-७, झापा जग्गा भएको स्थानको ठेगानाः साविकः शिवगञ्ज-०८, झापा हालः शिवसताक्षी-७, झापा जग्गाको कित्ता नं.: २०५३, २०५६, १२६५, १२६४, २०५५ र १२६७ जग्गाको क्षेत्रफलः ०-१०-०, ०-३-०, ०-१५-०, ०-१५-०, ०-७-० र ०-५-० (बिघा)
४.	नामः लोकमाया ओझा बाबुः नेत्रीराम ओझा बाजेः रुपनारायण ओझा पतिः भूमिनन्द निरौला बतनः दमक-४, झापा ना.प्र.नं. ४०४१२४० (झापा) जारी मितिः २०५३।०५।०६	जग्गा धनीको नामः लोकमाया ओझा निरौला ठेगानाः दमक-४, झापा जग्गा भएको स्थानको ठेगानाः साविकः दमक-४ (क), झापा, राजघाट (बेलबारी) ७ (घ) हालः दमक-४, झापा, उर्लाबारी-८, मोरङ जग्गाको कित्ता नं.: ३४३५ र १५४ जग्गाको क्षेत्रफलः ०-१-०-० (बिघा) र ०-२-५-० (बिघा)
५.	नामः लोकनाथ खरेल बाबुः बासुदेव खरेल बाजेः जोगेन्द्र खरेल पत्नीः मीना बस्नेत खरेल बतनः पथरीशनिश्चरे-०१, मोरङ ना.प्र.नं. ४४५९ (मोरङ) जारी मितिः २०४९।१०।०१	जग्गा धनीको नामः लोकनाथ खरेल ठेगानाः पथरीशनिश्चरे-१, मोरङ जग्गा भएको स्थानको ठेगानाः साविकः अमरदह-५ (द), मोरङ हालः पथरीशनिश्चरे-६, मोरङ जग्गाको कित्ता नं.: ४८३ जग्गाको क्षेत्रफलः ०-७-०-० (बिघा)
६.	नामः सीता रिजाल बाबुः बुद्धिप्रसाद रिजाल बाजेः लक्ष्मीप्रसाद रिजाल पतिः दुर्गाप्रसाद अधिकारी बतनः पथरीशनिश्चरे-०१, मोरङ ना.प्र.नं.४०२-१०४८-०३३ (मोरङ) जारी मितिः २०५१।१२।१३	जग्गा धनीको नामः सीता रिजाल ठेगानाः पथरीशनिश्चरे-१, मोरङ जग्गा भएको स्थानको ठेगानाः साविकः गोविन्दपुर १ (ख), मोरङ हालः रतुवामाई-५, मोरङ जग्गाको कित्ता नं.: ५५६ जग्गाको क्षेत्रफलः ०-१५-०-० (बिघा)

मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
Mechi Multipurpose Cooperative Society Limited
मुख्य कार्यालयः दमक-६, झापा

◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत
कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२,
मुद्रणः ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com